केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <bfird@nrb.org.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/४५/०६५/६६ मिति: २०६६/०२/०५

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयका सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले निक्षेप स्वीकार गर्दाको बखतमा नै खाताहरु बीमा हुने व्यवस्था गर्ने भएमा विमित खाताका एकै प्रकृतिका निक्षेपकर्ताहरुका बीचमा कुनै विभेद नहुने तथा निक्षेपकर्तालाई थप व्ययभार नपर्ने गरी यस्तो योजना संचालन गर्न सक्नेछन् । बीमालेख (Insurance Policy) मा उल्लेख गरिने सेवा, शर्त र सुविधाहरुले विमित निक्षेपकर्ताको हितको संरक्षण गर्नका लागि बीमा समितिबाट स्वीकृति लिई बीमा सम्बन्धी सेवा, शर्त, सुविधाहरु र क्षतिपूर्तिको आधार लगायतको जानकारी खुलेको पत्र निक्षेपकर्तालाई लिखित रुपमा उपलब्ध गराउनु पर्ने ।

२. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो नियमावलीमा तोकिए बमोजिम संचालक समितिको अध्यक्ष, संचालक, वैकल्पिक संचालक बैठकमा उपस्थित भए बापत **पाउने बैठक भत्ता, संचालक कार्यकारी भई कार्य गरेमा पारिश्रमिक समेत र टेलिफोन खर्च, मोवाइल खर्च, पत्रपत्रिका खर्च एवं संस्थाको काममा स्वदेश र विदेशमा भ्रमण गर्दा लाग्ने खर्च जस्ता अन्य सुविधा बाहेक गैरकार्यकारी अध्यक्ष तथा अन्य संचालकहरुले व्यक्तिगत फाइदा हुने आर्थिक र गैर आर्थिक कुनै पनि प्रकृतिका सुविधा लिन पाइने छैन । यसरी आर्थिक र गैर आर्थिक सुविधा लिएको खण्डमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा २४ को उपदफा (१) को व्यवस्था उल्लंघन गरेको मानिनेछ । यसरी लिएको आर्थिक तथा गैर आर्थिक सुविधा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा २१ को उपदफा (२) बमोजिम कसूर गरेको मानी असुल उपर गर्ने ।**

३. पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/ ३७/०६५/६६ मिति २०६६/१/२ मा जारी परिपत्रको बुँदा नं. २ मा भएको व्यवस्था "एकहप्ताको अग्रीम सूचनामा फिर्ता लिन सकिने गरी स्वदेशी बैंक तथा वित्तीय संस्थामा इजाजतपत्रप्राप्त "ख", "ग" र "घ" वर्गका वित्तीय संस्थाहरुले राखेको तीन महिना वा सो भन्दा बढी अवधिका मुद्दती निक्षेपलाई यस बैंकले जारी गरेको एकीकृत निर्देशन नं. ४ को अनुसूचि ४.१० मा अन्य खाता अन्तर्गत राखी जोखिम भारित सम्पत्ति विवरण तालिका निर्देशन फा.नं. १.२ को (क) समूहको 'स्वदेशी बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दात शीर्षक' अर्न्तगत रहने गरी २० प्रतिशत जोखिम भार कायम गर्ने ।" भन्ने नीतिगत व्यवस्था पछि देहायको व्यवस्था थप गर्ने ।

*यस प्रयोजनको लागि निक्षेप राख्ने समय भन्दा ठिक अघिल्लो त्रैमासको पूँजी पर्याप्तता (Capital Adequacy) को आधारमा तोकिएको पूँजी पर्याप्तता कायम गरेका बैंक तथा वित्तीय संस्थामा राखिएको मुद्दती निक्षेपलाई मात्र मान्यता दिइनेछ ।*

४. (क) पत्र संख्या बै.वि.नि.वि./नीति/परिपत्र/१६/०६५/६६ मिति २०६५/७/११ को परिपत्रबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले अन्य इजाजपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुमा आफूले गरेको संस्थापक शेयर लगानी (Cross Holding) २०६५ आषाढमसान्तभित्र बिक्री (Divest) गरी सक्नुपर्ने तथा २०६५ चैत्रमसान्तभित्र Right Renounce गर्न सक्ने व्यवस्थाको पालना नगरेका बैंक तथा वित्तीय संस्थालाई देहाय बमोजिमको काम कारवाही गर्न गराउन यो निर्देशन दिईएको छ ।

१. संस्थापक शेयर लगानी (Cross Holding) अन्त्य गर्ने सम्बन्धी नीतिगत व्यवस्था पालना नगरेका बैंक तथा वित्तीय संस्थाले हकप्रद शेयर खरिद गर्न नपाउने, नगद लाभांस, बोनस शेयरलाई रोक्का राख्ने र रोक्का राखिएको वोनस शेयर लगायत सवै Cross Holding विक्री (Divest) गरेपछि मात्र नगद लाभांस फुकुवा गर्ने ।

२. संस्थापक शेयर लगानी (Cross Holding) रकम बराबरको लगानी समायोजन कोष खडा गरेको

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <bfird@nrb.org.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

अवस्थामा मात्र २०६५ चैत्रमसान्तभित्र Right Renounce गर्न सक्ने निर्देशन दिई सकिएकोले तत्पश्चात् Right Renounce गर्न समेत नपाउने ।

३. संस्थापक शेयर लगानी (Cross Holding) २०६५ चैत्रमसान्तभित्र बेचविखन नगरेका संस्थालाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ७४ बमोजिम कारवाही गर्ने ।

(ख) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बाहेक अन्य प्रचलित कानून बमोजिम स्थापना भई निक्षेप परिचालन तथा कर्जाको कारोवार गरिरहेका संस्थाले यस बैंकबाट इजाजतपत्रप्राप्त ("क", "ख" र "ग" वर्गका) बैंक तथा वित्तीय संस्थाको संस्थापक शेयरमा गरेको लगानी प.सं. :बैं.वि.नि.वि/नीति/परिपत्र/११/०६२/६३ मिति २०६३/३/४ को परिपत्रको बुँदा नं. (घ) बमोजिम २०६५ आषाढमसान्तभित्र विक्री नगरेको भएमा त्यस्तो संस्थापक शेयरमा लगानी गरेका संस्थालाई हकप्रद शेयर/नगद लाभांस वितरण गर्न नपाइने, बोनस शेयरलाई रोक्का राख्ने र रोक्का राखिएको वोनस शेयर लगायत सबै Cross Holding विक्री (Divest) गरेपछि मात्र नगद लाभांस फुकुवा गर्ने ।

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

बोधार्थ :
१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
५. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
६. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
७. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
८. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।